अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मिति: २०७६।०३।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

प्रहरी चौकी भोक्राहा सुनसरीका प्रहरी सहायक निरीक्षक पदम बहादुर कटुवालले सेवाग्राहीलाई वन मन्त्रालयबाट पक्राउ पुर्जी आएको छ यही मिलाइदिन्छु भन्दै विभिन्न बहाना बनाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक पदम बहादुर कटुवाललाई सेवाग्राहीसँग रू.७,०००।— (अक्षरुपी सात हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज प्रहरी सहायक निरीक्षक पदम बहादुर कटुवालले आफ्नो जिम्मेवारी र पदीय दायित्व विपरीत सेवाग्राहीलाई वन मन्त्रालयबाट पक्राउ चिठ्ठी आएकोले मिलाइदिने प्रयोजनको लागि रू.७,०००।— (अक्षरुपी सात हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा निजबाट उक्त रकम बरामद भएको अनुसन्धानबाट खुल्न आई निज पदम बहादुर कटुवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा बिगो रू.७,०००।-(अक्षरुपी सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता